# खाद्य र पेय पदार्थ उत्पादन उद्योग
# तोकुतेइ गीनोउ 1 नम्बर कौशल मापन परीक्षा

## घरेलु परीक्षण मार्गनिर्देशन

**(2022 अप्रिल पछि लागु)**

**सामान्य समावेशी संस्था विदेशी खाद्य उद्योग कौशल मूल्यांकन संगठन**

OTAFF

THE ORGANIZATION FOR TECHNICAL SKILL
ASSESSMENT OF FOREIGN WORKERS IN FOOD INDUSTRY

< सामग्रीहरूको तालिका >

1.तोकुतेइ गीनोउ र परीक्षा को उद्देश्य · · · · · · · · · · · · · · · · · · · · · · · · 3

2.परीक्षाको लागि योग्यता · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · 4

3.परीक्षा विषयहरू, कार्यान्वयन विधि इत्यादी · · · · · · · · · · · · · · · · · · · · · 5

4.उत्रिर्ण मापदण्ड · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · 7

5.अध्येन पुस्तिका · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · 7

6.परीक्षाको प्रक्रिया तरिका र परीक्षाको नक्कल निषेध · · · · · · · · · · · · · · · · · · 8

7.परीक्षा शुल्क · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · · 10

8.परीक्षाको दिन ल्याउने सामग्री · · · · · · · · · · · · · · · · · · · · · · · · · 10

9.परीक्षा का दिन का सावधानीहरू र अवैध कार्य निषेध · · · · · · · · · · · · · · · · · 11

10.उत्रिर्ण परीक्षार्थीको घोषणा, उत्रिर्ण प्रमाणपत्र · · · · · · · · · · · · · · · · · · · 16

11.व्यक्तिगत जानकारी को ह्यान्डलिंग · · · · · · · · · · · · · · · · · · · · · · · · 18

## 1. तोकुतेइ गीनोउ र परीक्षा को उद्देश्य

अप्रिल 1, 2019 देखि लागू हुने गरि संशोधित गरिएको अध्यागमन नियन्त्रण र शरणार्थी मान्यता ऐन अन्तर्गत, निवास सम्बन्धि "तोकुतेइ गीनोउ" को नयाँ स्थिति स्थापना गरिएको छ ।
"तोकुतेइ गीनोउ" भनेको खाद्य र पेय पदार्थ उत्पादन उद्योग लगायत बढ्दो श्रम अभावको समाधान को लागि, उत्पादकत्वमा सुधार ल्याउन तथा घरेलु मानव संसाधन सुरक्षित गर्न प्रयास गरिए पनि मानव संसाधनहरू सुरक्षित गर्न गाह्रो हुने विशिष्ट उद्योग क्षेत्रमा, एक निश्चित स्तरको विशेषज्ञता र सीप हरू भएका मानव संसाधनहरू स्वीकार गर्ने एक प्रणाली हो ।


खाद्य र पेय पदार्थ उत्पादन उद्योग क्षेत्र को तोकुतेइ गीनोउ 1 नम्बर को निवास योग्यता प्राप्त गर्न को लागि "कौशल स्तर" र "जापनी भाषा प्रवीणता स्तर" दुबै पूरा गर्नुपर्दछ ।

"जापानी भाषा क्षमता स्तर" स्वतन्त्र प्रशासनिक एजेन्सी अन्तर्राष्ट्रिय शिक्षा समर्थन संघ द्वारा आयोजित "जापानी भाषा दक्षता परीक्षा" तथा स्वतन्त्र प्रशासनिक एजेन्सी अन्तर्राष्ट्रिय शिक्षा समर्थन संघ र जापान अन्तर्राष्ट्रिय शिक्षा समर्थन संघ द्वारा आयोजित "जापानी भाषा प्रवीणता परीक्षा" द्वारा फैसला गरिन्छ ।

खाद्य र पेय उत्पादन उद्योग क्षेत्र को "कौशल स्तर" यो संगठन द्वारा आयोजित गर्ने " खाद्य र पेय पदार्थ उत्पादन उद्योग तोकुतेइ गीनोउ 1 नम्बर कौशल मापन परीक्षा" द्वारा फैसला गरिन्छ । (हाम्रो संस्थानले आवश्यक परेको खण्डमा परीक्षा को नाम संक्षिप्त गरेर लेख्न पनि सकिन्छ । )

तोकुतेइ गीनोउ निवास स्थिति प्रमाणीकरण सम्बन्धी आवेदनहरूको लागि, न्याय मन्त्रालय / आप्रवासन ब्यूरोमा सम्पर्क गर्नुहोस् ।
खाद्य र पेय पदार्थ उत्पादन उद्योग तथा खाद्य उद्योग क्षेत्र को तोकुतेइ गीनोउ 1 नम्बर कौशल मापन परीक्षा सम्बन्धित कुरा बाहेकको सोधपुछ गर्न को लागी हाम्रो संगठन ले जबाफ दिन सक्दैन ।

【निवास योग्यता “तोकुतेइ गीनोउ 1 नम्बर (खाद्य र पेय उत्पादन उद्योग)” को आवेदन】



## 2. परीक्षाको लागि योग्यता

खाद्य र पेय पदार्थ उत्पादन उद्योगको तोकुतेइ गीनोउ को लागि जापान भित्र परीक्षा दिने आवेदकहरुले परीक्षाको लागि आवश्यक पर्ने निम्न अ र आ जसले पूरा गर्दछन् ।

अ. निवासको स्थिति भएका (नोट 1), परिक्षण दिनमा कम्तिमा 17 बर्षको उमेर हुनुपर्दछ ।

आ. निर्वासन आदेशको सहज कार्यान्वयनमा सहयोग गर्न,न्याय मन्त्री द्वारा निर्दिष्ट विदेशी सरकार तथा स्थानीय प्राधिकरण द्वारा जारी पासपोर्ट (नोट 2) भएको हुनुपर्दछ ।

(नोट 1) गैरकानुनी रुपमा जापानमा बसोबास गर्ने व्यक्ति (अवैध निवासी) बाहेक, जापानमा कानूनी रूपमा बसोबास गर्ने व्यक्तिहरूमा लागू हुन्छ । यदि निवास कार्ड छैन भने पनि,कानूनी रूपमा जापानमा छोटो अवधिको लागि घुम्न आएका पर्यटकहरुमा पनि यो प्रक्रिया मा सम्मिलित हुन पाउने छन् ।

(नोट 2) हाल को आबस्था मा यो ईरान, इस्लामी गणतन्त्र देश बाहेक अन्य विदेशी सरकार / क्षेत्रहरूको राहदानीमा लागू हुन्छ ।

(टिप्पणीहरू)

■ यो परीक्षा उत्रिर्ण गर्नुभयो भने पनि, "तोकुतेइ गीनोउ" को निवासको स्थिति प्रदान गर्ने कुरामा ग्यारेन्टी हुँदैन ।
परीक्षामा उत्रिर्ण हुनेहरुका लागि निवास स्थिति को प्रमाणपत्र वितरण आवेदन अथवा निवास स्थिति को परिवर्तन को लागि आवेदन गर्नु भएको भए पनि, निवासको स्थितिको प्रमाणपत्र प्राप्त गर्न वा निवासको स्थिति परिवर्तन गर्न अनुमति प्राप्त गर्न सधैं सम्भव छ भन्ने हुँदैन ।

■ साथै,निवास स्थिति प्रमाणपत्र प्राप्त गर्नु भएको भए पनि, भिसा आवेदन को लागी अलग्गै परराष्ट्र मन्त्रालय द्वारा जाँच गर्ने भएकोले गर्दा ,भिसा प्राप्त गर्न सधैं सम्भव हुँदैन ।

■ कोरोना भाइरस संक्रमण रोक्नको लागि, जापानी सरकारले निश्चित देशहरू, क्षेत्रबाट आएका विदेशीहरूका लागि ल्यान्डिङ्ग अस्वीकार जस्ता प्रतिबन्धहरू लगाइएका कारणले गर्दा परीक्षा को लागि जापानमा प्रवेश गर्न सक्नुहुनेछ वा सक्नुहुनेछैन भनेर राम्रो संग निश्चित गर्नुहोस् ।
http://www.moj.go.jp/isa/hisho06_00099.html

**3. परीक्षा विषयहरू, कार्यान्वयन विधिहरू इत्यादी** (परीक्षाका प्रश्नहरु सबै जापानी भाषामा (KANJI चाहिं पढ्ने शैली पनि )लेखिएको छ ।

परीक्षाको विषय : शैक्षिक परीक्षा र व्यावहारिक परीक्षाको दुईटा विषयहरु परीक्षाको समय : 80 मिनेट

कार्यन्वयन तरिका : पेपर परीक्षणको तरिका (मार्क सीट प्रयोग गरिन्छ । )

(1)शैक्षिक परीक्षा (जापानी भाषा मा प्रश्न)

HACCP आदि द्वारा सामान्य सरसफाइ व्यवस्थापन,व्यावसायिक सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित ज्ञानको मापन गरिन्छ ।

| आइटम | मुख्य विषय वस्तु | प्रश्न संख्या (प्रश्न) | अंकको बाँडफाँड | पूर्णांक (अंक) |
|---|---|---|---|---|
| खाद्य सुरक्षा・गुणस्तर व्यवस्थापन को आधारभूत ज्ञान | ・खाद्य सुरक्षाको आवश्यकता<br>・खाना विषाक्तताको ज्ञान | 25 | 3 | 75 |
| सामान्य स्वच्छता व्यवस्थापन को मूल कुरा | ・काम अघि,कामको बेलामा ,काम पछि को स्वच्छता व्यवस्थापन तथा खाद्य सुरक्षा को ज्ञान<br>・5Sगतिविधिहरूको लागि पहल<br>・भिन्न सामानहरु मिश्रण व्यवस्थापन | | | |
| निर्माण प्रक्रिया व्यवस्थापन को मूल कुरा | ・कच्चा माल व्यवस्थापन<br>・निर्माण प्रक्रिया व्यवस्थापन र सावधानीहरू<br>・उत्पादन को व्यवस्थापन<br>・एलर्जीनहरू पदार्थ को व्यवस्थापन | | | |
| HACCP द्वारा स्वच्छता व्यवस्थापन | ・HACCPके हो<br>・जोखिम विश्लेषण<br>・HACCP7सिद्धान्त<br>・ HACCPस्वच्छता व्यवस्थापन को आधारभूत कुरा | | | |
| श्रम स्वास्थ्य र सुरक्षा को बारेमा ज्ञान | ・कार्यस्थल जोखिम रोकथाम उपायहरू<br>・कार्य प्रक्रिया र 5S प्रवर्तन<br>・असामान्य परिस्थितिमा प्रतिक्रिया इत्यादी | 5 | 5 | 25 |
| कुल | | 30 | | 100 |

(2) व्यावहारिक परीक्षा(जापानी भाषामा प्रश्न जजमेन्ट परीक्षा・योजना मस्यौदा परीक्षा आदि)

ब्यापारका लागि आवाश्यक पर्ने कौशल स्तर मापन गरिन्छ ।

फिगर वा इलेस्टर प्रयोग गरेका अबस्थाहरुको सेटिङ्गमा सही व्यवहार निर्णय गर्न न्याय परीक्षण र पूर्वनिर्धारित गणना सूत्र प्रयोग गरेर आवश्यक कार्यको योजना बनाउने परीक्षण योजना बनाएर मापन गरिन्छ।

| आइटम | मुख्य विषय वस्तु | प्रश्न संख्या (प्रश्न) | | | अंकको बाँडफाँड (अंक) | पूर्णांक (अंक) |
|---|---|---|---|---|---|---|
| | | जजमेन्ट परीक्षा | योजना मस्यौदा | कुल | | |
| खाद्य सुरक्षा・गुणस्तर व्यवस्थापन को आधारभूत ज्ञान | ・खाद्य सुरक्षाको आवश्यकता<br>・खाना विषाक्तताको ज्ञान | 4 | 2 | 6 | 5 | 30 |
| सामान्य स्वच्छता व्यवस्थापन को मूल कुरा | ・काम अघि,कामको बेलामा ,काम पछि को स्वच्छता तथा खाद्य सुरक्षा को ज्ञान<br>・5Sगतिविधिहरूको लागि पहल<br>・भिन्न सामानहरु मिश्रण व्यवस्थापन | | | | | |
| निर्माण प्रक्रिया व्यवस्थापन को मूल कुरा | ・कच्चा माल व्यवस्थापन<br>・निर्माण प्रक्रिया व्यवस्थापन र सावधानीहरू<br>・उत्पादन को व्यवस्थापन<br>・एलर्जीनहरू पदार्थ को व्यवस्थापन | | | | | |
| HACCP द्वारा स्वच्छता व्यवस्थापन | ・HACCPके हो<br>・जोखिम विश्लेषण<br>・HACCP7सिद्धान्त<br>・HACCPस्वच्छता व्यवस्थापन को आधारभूत कुरा | | | | | |
| व्यावसायिक सुरक्षा र स्वास्थ्य को ज्ञान | ・कार्यस्थल जोखिम रोकथाम उपायहरू<br>・कार्य प्रक्रिया र 5S प्रवर्तन<br>・असामान्य परिस्थितिमा प्रतिक्रिया इत्यादी | 4 | 0 | 4 | 5 | 20 |
| कुल | | 8 | 2 | 10 | | 50 |

## 4. उत्रिर्ण मापदण्ड

उत्रिर्ण अंक, पूर्णांक को 65% भन्दा बढी हो ।

## 5. अध्येन पुस्तिका

परीक्षार्थीहरु को पढाई को लागि आवश्यक पर्ने पुस्तकहरु सामान्य फाउन्डेशन निगम खाद्य उद्योग केन्द्रको वेबसाइटमा उपलब्ध छन् । (https://www.shokusan.or.jp/news/3199/)

## 6. परीक्षाको प्रक्रिया तरिका र परीक्षाको नक्कल निषेध

चरण 1. परीक्षा गाइड पढ्नुहोस्

परीक्षा योग्यता, परीक्षा विषय आदि ध्यानपूर्वक जाँच गर्नुहोस् ।

चरण 2. मेरो पेजमा दर्ता गर्नुहोस्

मेरो पेजमा दर्ता गाइड

दर्ता गर्ने फोटोका नियम

"मेरो पेजमा दर्ता गाइड" ध्यानपूर्वक पढ्नुहोस् र आफ्नो जानकारी र फोटो मेरो पेजमा दर्ता गर्ने ।
मेरो पेजमा गरिएको पंजीकरणको समीक्षा हुने भएकोले, ५ दिन (शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक) जति लाग्न सक्दछ ।
परीक्षाको लागि आवेदन दिनु अघिको मेरो पेजमा नयाँ दर्ता गर्ने म्याद भित्र दर्ता गर्नुहोस ।
फोटोलाई रिसेप्शन डेस्कमा मा व्यक्ति पहिचान या,उत्रिर्ण प्रमाणपत्र मा प्रयोग गरिन्छ ।
"फोटो दर्ता गर्नको लागि नियमहरू" ध्यानपूर्वक पढ्नुहोस् र दर्ता गर्नुहोस् ।

【"डबल दर्ता" को निषेध】(डबल = दुइटा वा सोभन्दा धेरै )

**मेरो पानाको डबल दर्ता**

मेरो पाना एक जनाले एउटा मात्र बनाउन सकिन्छ ।
एउटै व्यक्तिले मेरो पाना दुइटा वा सोबनाउन सकिंदैन ।

चरण 3. परीक्षाको लागि आवेदन

परीक्षा आवेदन गाइड

आवेदन गर्ने तरिका, "परीक्षाका आवेदन गाईड" ध्यानपूर्वक पढ्नुहोस् र आवेदन दिनुहोस् ।
मेरो पेजमा लग ईन गरेर परीक्षाको मिति र समय, परीक्षा स्थल आदि चयन गरि , परीक्षा को योग्यता फेरि एकपटक जाँच गरेपछि मात्र आवेदन दिनुहोस् ।
यदि सहभागीको संख्या आवश्यक भन्दा कम भएमा,दोस्रो पटक आवेदनको लागि आबहान गरिनेछ ।

【"डबल दर्ता" को निषेध 】(डबल = दुइटा वा सोभन्दा धेरै)

**परीक्षणको डबल आवेदन**

भोजनालय व्यवसाय उद्योगको परीक्षा खाद्य र पेय पदार्थ उत्पादन उद्योगको परीक्षाको आवेदन हरेक पटकको परीक्षामा एक जनाको लागि एक पटक मात्र हो ।
एउटै व्यक्तिले एउटै किसिमको उद्योगको परीक्षाको डबल आवेदन गर्न सकिंदैन ।

(सावधानी) मेरो पाना डबल बनाएर डबल आवेदन गरेको खण्डमा धेरै भयो भने ५ वर्ष OTAFFले गर्ने कौशल परीक्षा दिन नसक्ने पनि हुन सक्छ ।

चरण 4. विजेता बन्नु भएमा परीक्षा शुल्क तिर्ने

*लटरी भनेको गोलाप्रथाद्वारा विजेता चयन गर्ने विधि हो।

तोकिएको संख्या भन्दा पनि बढी आवेदक भएको खण्डमा, “लटरी*”गरिनेछ ।
लटरी परिणाम आएमा दर्ता गरिएको ईमेल ठेगानामा ईमेल द्वारा सूचित गरिनेछ ।
लोटरी नतिजा मेरो पेज को "परीक्षा हिस्ट्री" बाट जानकारी लिनुहोस् ।
विजेता बन्नु भएमा परीक्षा शुल्क तिर्नुहोस् ।
भुक्तानी विधिहरू 3 तरीका बाट छनौट गर्नुहोस् : क्रेडिट कार्ड भुक्तानी, कोंबिनी स्टोर भुक्तानी, मेरो पेज भुक्तानी (खाता स्थानान्तरण)
कोंबिनी स्टोर र मेरो पेज भुक्तानी जापान मा मात्र भुक्तान गर्न सक्नुहुनेछ ।
भुक्तान गरिएको परीक्षा शुल्क फिर्ता हुँदैन (नोट)
परीक्षाको मिति र समय र स्थान जाँच गरेपछि मात्र शुल्क तिर्नुहोस् ।

नोट: प्राकृतिक प्रकोपको कारण, परीक्षा रद्द भएको अवस्थामा अपवाद छन् ।
अधिक जानकारी को लागी, परीक्षा गाईड "7. परीक्षा शुल्क" हेर्नुहोस् ।

चरण 5. परीक्षा पर्ची डाउनलोड गर्नुहोस्

डाउनलोड सुरू हुने मिति,हाम्रो संगठनको वेबसाइटको "परीक्षण तालिका (समग्र प्रक्रियाहरू)" जाँच गर्नुहोस् ।
साथै, दर्ता गरिएको इमेल ठेगानामा डाउनलोडको सुरू सम्बन्धि इमेलबाट पनि सूचित गरिनेछ ।
प्रवेश टिकट मेरो पेज को "परीक्षा हिस्ट्री" बाट डाउनलोड गर्न सक्नुहुन्छ ।

चरण 6. परीक्षा मा सामेल हुनु

परीक्षामा सामेल हुनु अघि, परीक्षा गाइडको पेज 11 “9. जाँचको दिनको सावधानीहरु र अवैध कार्य निषेध” राम्रोसँग पढ्नुहोस् ।
परीक्षाको दिनमा,"परीक्षा टिकट" र "राहदानी वा निवास कार्ड" र "HBको पेन्सिल " र "इरेजर" ल्याउनुहोस् ।
विस्तारको लागि ,परीक्षा गाइड को पेज10 "8. परीक्षाको दिनमा ल्याउने सामग्री" को बारेमा जानकारी लिनुहोस् ।
साथै, अनिबार्य रुपमा मास्क लगाउनुहोस् ।
परीक्षण स्थलमा,रिसेप्शनमा व्यक्ति पहिचान पुष्टि गरेपछि मात्र परीक्षा दिन सकिनेछ ।

चरण 7. पास फेल परिणाम प्राप्त गर्नु

परीक्षापछि ३ हप्ता भित्र पास फेलको परिणाम OTAFF को होमपेज र मेरो पानाको "परीक्षाको विवरण" बाट हेर्न सकिन्छ ।
दर्ता गरेको मेल अड्रेसमा पनि परिणाम प्रकाशित गरिएको खबर गर्नेछौं ।

### चरण 8. उत्रिर्ण प्रमाण पत्र प्राप्त गर्नुहोस्

उत्रिर्ण परीक्षार्थीको मेरो पेजको "परीक्षा हिस्ट्री" मा उत्रिर्ण प्रमाण पत्र अपलोड हुनेछ।
उत्रिर्ण प्रमाण आफै डाउनलोड गर्न सक्नुहुन्छ, त्यसैले यदि आवश्यक छ भने प्रिन्ट गर्नुहोस् ।
हाम्रो संगठनले यसलाई डाउनलोड गरि प्रिन्ट गर्ने छैन ।

### अवैध कार्य निषेध

भोजनालय व्यवसाय उद्योगको हरेक पटकको परीक्षामा, एकै व्यक्तिले मेरो पृष्ठमा दुई पटक भन्दा बढि पटक दर्ता गरेर परीक्षाको लागि आवेदन दिन सक्ने छैनन्। यदि मेरो पृष्ठको गलत तरिकाले प्रोयोग गरि, दुई पटक भन्दा बढि पटक दर्ता गरेर परीक्षा दिएमा, परीक्षा रध्द हुनेछ। साथै, ५ बर्ष सम्मको अवधिमा OTAFF ले सञ्चन गर्ने भोजनालय व्यवसाय उद्योग तथा खाद्य र पेय पदार्थ उत्पादन उद्योग अन्तर्गतको तोकुतेइ गीनोउ कौशल मापन परीक्षामा पनि प्रतिबन्धित हुनु पर्ने हुन सक्दछ।

## **7. परीक्षा शुल्क** (2022 अप्रिल 1 तारिखदेखि 2023 मार्च 31 तारिखसम्मको अवधि )

8,000 येन (कर समावेश गरिएको) (2020 आर्थिक वर्ष बाट लागू)
भुक्तान गरिएको परीक्षा शुल्कहरू निम्न अबस्थाहरूमा बाहेक फिर्ता हुने छैन ।
- यदि हाम्रो संगठन को कारणले परीक्षा सञ्चालन हुन सकेन भने
- यदि, प्राकृतिक प्रकोपका कारणले परीक्षा हुन सक्दैन भनेर हाम्रो संगठनले निर्णय गरेको अवस्थामा

(वैकल्पिक परीक्षणहरू आयोजित गरिने केस बाहेक)

परीक्षा संचालन हुन्छ वा हुदैन भनेर, हाम्रो वेबसाइटमा जाँच गर्नुहोस् ।

## **8. परीक्षा को दिन ल्याउने सामग्री**

तलका ① र ② र ③ र ④ अनिवार्य रुपमा ल्यौनुहोस् ।
परीक्षा को दिन रिसेप्शनमा, ① र ② द्वारा व्यक्तिको पहिचान प्रमाणित गर्नेछौं।
यदि, व्यक्तिको पहिचान हुन सकेन भने परीक्षामा सामेल हुन सकिने छैन ।

① परीक्षा टिकट

② राहदानी वा निवास कार्ड

③ HB पेन्सिल ※ शार्प पेन्सिल प्रयोग गर्न सकिदैन।

④ इरेजर

(सावधानी 1) आफ्नो निवास कार्ड नवीकरण र पासपोर्ट वा निवास कार्ड हातमा छैन भने, निवास कार्डको अगाडी र पछाडी तथा राहदानीको रंगिन प्रतिलिपि मा निवास कार्ड र राहदानी होल्डिंग गर्ने एजेन्ट (जापानी भाषा स्कूल, प्रशासनिक लेखक इत्यादी) को छाप (कम्पनी नाम र इन्चार्जको छाप) अनिवार्य ल्याउनुहोस् ।

(सावधानी 2) मेकानिकल पेन्सिल ,रोकेट पेन्सिल , पेन्सिल शार्प्नर चाहिं ल्याए पनि परीक्षाको दौडान प्रयोग गर्न सकिंदैन ।

## 9. परीक्षाको दिन सावधानीहरू र अवैधकार्य निषेध

(1)कार्यक्रमस्थलमा पुग्नु अघिका सावधानीहरू

कोरोना भाइरस संक्रमण बढ्न बाट रोक्नको लागि, कृपया मास्क लगाउन नबिर्सिनुहोला ।
परीक्षाको समयमा पनि मास्क लगाउनु होला ।
मास्क नलगाउने व्यक्ति परीक्षामा सामिल हुन नपाउने हुनाले कृपया सावधान रहनुहोस् ।
साथै, परीक्षाको दिनमा, परीक्षा साइटमा शरीरको तापक्रम नापिनेछ ।
यदि ज्वरो आएको छ वा अस्वस्थ व्यक्ति हुनु हुन्छ भने, परीक्षा रद्द गरि फर्किनको लागि आग्रह गर्न सकिन्छ ।
कृपया पहिले नै नोट गर्नुहोस् ।

(2)रिसेप्शनमा सावधानीहरू

① परीक्षण साइटमा प्रवेश गर्नु अघि, परीक्षा गाइडको पेज 10 "8.परीक्षाको दिनमा सामग्रीहरु" को ① र ② को तयारि गर्नुहोस् ।

② रिसेप्शनमा व्यक्ति को पहिचान प्रमाणित गर्नेछौं। अनुहार जाँच को लागि मास्क हटाउन अनुरोध गर्न सकिन्छ ।

(नोट) टोपी या सनग्लास र इयरप्लग हटाउनुहोस् ।

③ टोपी वा सनग्लास,हेडफोन वा ईयरफोन फुकालेर झोलामा राख्नुहोस् ।

④ मेरो पेजमा दर्ता भएको फोटोमा कुनै खराबी भएमा, फोटो फेरि लिनुहोस् । यदि तपाईंलाई फेरि फोटो लिन को लागि भनिएको छ भने कृपया स्टाफको निर्देशनलाई पालना गर्नुहोस् ।

⑤ रिसेप्शन पछि,परीक्षण हलमा प्रविष्ट गर्न सक्नुहुन्छ ।

※परीक्षा सुरु हुने 15 मिनेट अगाडि सम्म रिसेप्शनमा आउनुहोस् । 15 मिनेट अगाडिसम्म

नआएको खण्डमा ,

परीक्षा दिन नसक्ने पनि हुन सक्छ ।

परीक्षा सुरु हुने समय भन्दा ढीलो आएको खण्डमा परीक्षा दिन सकिंदैन ।

(सावधानी) मौसम का कारण यातायात ढिलाइ हुन सक्छ ।

कृपया परीक्षा को दिन प्रसस्त समयको साथ परीक्षण साइटमा १५ मिनेट अगाडि सम्ममा आइपुग्नुहोस् ।

(3)परीक्षण स्थानको सावधानी

1) कृपया "परीक्षा टिकट" मा भएको "सीट नम्बर" मा बस्नुहोस् ।
2) परीक्षा शुरु हुनुभन्दा पहिले कोठाबाट बाहिर निस्किने र कोठामा प्रवेश गर्ने बेला, अनिवार्य रुपमा "परीक्षा टिकट" बोक्नुहोस ।
3) परीक्षा सुरु हुने समयको 15मिनेट अगाडिसम्म परीक्षण कोठामा पस्नुहोस् ।
4) गफ नगर्नुहोस् ।
5) कोठाभित्र खाने ,पिउने आदि गर्नु हुँदैन ।
6) परीक्षा सुरु भएपछि कोठामा पस्न मिल्दैन ।

- परीक्षा टिकट सीट नम्बरको छेउमा राख्नुहोस् ।
- डेस्कको माथि HB पेन्सिल र इरेज़र राख्नुहोस् ।
  शार्प पेन्सिल आदि प्रयोग गर्न सकिदैन ।
  कृपया त्यो सामग्री बाहेक ब्याग वा झोलामा राख्नुहोस् ।
- मोबाइल फोन आदि जस्ता सञ्चार उपकरण वा लेक्ट्रोनिक उपकरणहरू , परीक्षण साइटबाट कोठा छोड्ने बेला सम्म ,कृपया पावर बन्द गर्नुहोस् ।
  पावर बन्द गर्ने तरिका पहिले नै निश्चित गर्नुहोस् ।
  पावर बन्द गर्नु हुन्छ, यसलाई ब्याग वा झोलामा राखी मुख बन्द गर्नुहोस्, अनि यसलाई कुर्सीमुनि राख्नुहोस् ।
- घडी परीक्षण साइटमा छ ।
- परीक्षा मा सामेल हुने व्यक्तिको घडी मा घन्टी बन्द गरेको कुरा निश्चित गर्नुहोस् ।
  ब्याग वा झोलामा राखी मुख बन्द गर्नुहोस् अनि कुर्सीमुनि राख्नुहोस् ।
  डेस्कको माथि राख्न वा पहिरिएको रूपमा परीक्षा दिन सम्भव छैन ।
  मोबाइल फोन आदि लाई घडीको रूपमा प्रयोग गर्न सम्भव छैन ।

यदि परीक्षा चलिरहेको समयमा रिङ्ग टोन बजेमा, तपाइँलाई धोखा बाजी गरेको जस्तै गरि सजाए पनि हुन सक्दछ ।

- क्यालकुलेटरको प्रयोग गर्न मनाही छ ।
- परीक्षा हलमा, स्टाफको निर्देशनहरू पालना गर्नुहोस् ।
  निर्देशनहरूको पालना नगरेमा, धोखा बाजी गरेको जस्तै गरि सजाए पनि हुन सक्दछ ।

(4)परीक्षण शुरू हुनुभन्दा अघिका सावधानीहरू

- डेस्क माथि, परीक्षा टिकट , HB पेन्सिल, इरेजर, उत्तर मार्कशीट, "मार्कशीट भर्ने उदाहरण र परीक्षा सम्बन्धि सावधानीहरू" बाहेक केही पनि राख्न पाइने छैन ।
  अरु कुराहरु ब्याग वा झोलामा राखी मुख बन्द गर्नुहोस् अनि कुर्सीमुनि राख्नुहोस् ।
- "मार्कशीट भर्ने उदाहरण" अनुसरण गर्नुहोस् र मार्कसिटमा आफ्नो नाम र परीक्षा नम्बर लेख्नुहोस् ।
- मार्कसिटमा परीक्षा नम्बर गलत नहुने गरि भर्नुहोस् ।
- शरीर वा लुगा आदिमा अक्षर वा संख्या लेखेकाहरुलाई चिट चोरेको ठानिन्छ । परीक्षण कोठाबाट निस्कन आग्रह गरिएमा परीक्षा दिन नसक्ने हुन सक्छ । शरीर वा लुगा आदिमा अक्षर वा संख्या नलेख्नुहोस् ।
- परीक्षण साइटमा टोपी र सनग्लास लगाउने अनुमति छैन ।
  साथै, इयरप्लगको प्रयोग गर्न अनुमति छैन ।
  ब्याग वा झोलामा राखी मुख बन्द गर्नुहोस् अनि कुर्सीमुनि राख्नुहोस् ।
- मास्क अनिवार्य रुपमा लगाउनुहोस् ।
  यद्यपि ,व्यक्ति पहिचान को लागी,स्टाफ द्वारा अनुरोध गरिएको अबस्थामा कृपया यसलाई हटाउनुहोस् ।
- लेखन उपकरणहरू, HB पेन्सिल र इरेजर बाहेक केहि पनि प्रयोग नगर्नुहोस् ।
  शार्प पेन्सिल प्रयोग नगर्नुहोस् ।
  पुनर्लेखन गर्दा इरेजरले राम्रो संग सफा गर्नुहोस् ।
  मार्कसिटलाई फोहोर वा फोल्ड नगर्नुहोस् ।
  मार्कसिट सहि रुपमा पढ्न नसकिने पनि हुन सक्छ ।
  यदि सहि रुपमा पढ्न नसकेको अबस्थमा स्कोरिंग हुदैन।
- शौचालय चाहिं  परीक्षा सुरु हुने 15 मिनेट अगाडिसम्म गई सक्नुहोस् ।
- परीक्षा सुरु हुनुभन्दा ठीक अघि डेस्कमा प्रश्न पत्र डेलिभर गरिन्छ ।
  स्टाफले परीक्षा सुरू गर्न संकेत नगरेसम्म वितरण गरिएको प्रश्न पत्र मा नछुनु होला ।

(5)परीक्षण सुरु भएपछिका सावधानी

- जवाफ चाहिं मार्क सिटमा लेख्नुहोस् ।

  **प्रश्नहरुको पेपरमा जवाफ लेखे पनि अङ्क दिइन सकिंदैन ।**
- गलत तरिकामा जवाफ लेख्दा चाहिं इरेजरले सफापूर्वक मेटाउनुहोस् ।

  मार्क सिट फोहोर गरेर नपट्याउनुहोस् ।

  मार्क सिट पढ्ने मिसिनले सही तरिकामा पढ्न नसक्ने हुन सक्छ ।
- परीक्षा सुरु भएपछि 30 मिनेट सम्म कोठा छोड्न सकिने छैन ।

  परीक्षाको समयमा शौचालयका लागि बाहिर निस्किएमा, परीक्षा समाप्त हुने भएको ले गर्दा हलमा पुन: प्रवेश गर्न सकिने छैन ।
- 30 मिनेट पछि यदि स्टाफले संकेत गरेमा, बिचमा बाहिर निस्कन सक्नुहुने छ।
- परीक्षण साइटमा छेउछाउको बरन्डामा कुराकानी नगर्नुहोला ।
- परीक्षा समाप्त हुनु 10 मिनेट अगाडी कोठा छोड्न सकिने छैन ।
- प्रश्न पत्र को बारेमा प्रश्नहरू गरेमा कुनै पनि जवाफ दिन सकिदैन ।
- परिक्षणको समयमा शारीरिक अवस्था खराब भएमा, हात उठाएर कर्मचारीलाई जानकारी गराउनुहोस्।
- कुनै प्रकारको धोखा बाजी भएको खण्डमा,तुरुन्तै कोठाबाट बाहिर निस्किन आदेश दिइनेछ ।

(6) कोठाबाट बाहिर निस्किने बेलाका सावधानहरू

- परीक्षाको समयमा परीक्षा कोठाबाट बाहिर निस्किने बेला,बसिरहेको अवस्थामा अनिवार्य रूपमा हात उठाएर स्टाफलाई जानकारी गराउनुहोस्। तपाईं भएको ठाउँमा स्टाफ आएपछि,जाँच गर्नको लागि स्टाफलाई आफ्नो उत्तर लेखेको मार्कशीट,प्रश्न पत्र र "मार्कशीट भर्ने उदाहरण र परीक्षा सम्बन्धि सावधानीहरू" दिनुहोस्।

  जाँच कार्य पूरा भएपछि, स्टाफले तपाईंलाई "तपाईं बाहिर जान सक्नुहुन्छ" भनेर भनेमा आफ्नो सामान लिएर परीक्षा कोठाबाट बाहिर निस्किनुहोस्।
- बिचमा बाहिर निस्केको व्यक्ति, फेरि कोठाभित्र पस्न मिल्दैन ।

  साथै, परीक्षा सकेर कोठा बाट बाहिर निस्केको व्यक्ति, बिलम्ब नगरी परीक्षा साइट बाट बाहिर निस्कनु होला ।
- परीक्षा समाप्त हुनु 10 मिनेट अगाडी, स्टाफले उत्तर मार्कशीट, प्रश्न पत्र , "मार्कशीट भर्ने उदाहरण र परीक्षा सम्बन्धि सावधानीहरू" संकलन नगरेसम्म पर्खनुहोस् ।

  स्टाफले कोठा छोड्नको लागि संकेत नगरेसम्म , आफ्नो सीट छोड्न सक्नुहुन्न ।

(7) धोखा बाजी

■ निम्न कुराहरु गर्ने हो भने पहेंलो कार्ड देखाइन्छ । अनि सावधान गराइन्छ ।
पहेंलो कार्ड दुईटा देखाइने हो भने फेल होइन्छ ・कोठा बाहिर जानुपर्ने हुन्छ, अनि अङ्क दिइन सकिंदैन ।

【**पहेंलो कार्ड =सावधानी**】(पहेंलो कार्ड दुईटा पाएमा फेल होइन्छ ・कोठा बाहिर जानुपर्ने हुन्छ)

① परीक्षा सुरु हुनुअघि प्रश्न पत्र खोलेर जवाफ लेख्दा ।

② परीक्षाको दौडान अनुमतिविना बोल्दा ।

③ परीक्षाको दौडान "अरु व्यक्तिलाई जवाफ सिकाउने" "सिग्नल पठाउने" "अरु व्यक्तिबाट जवाफ पाउने" "अरु व्यक्तिको जवाफ हेर्ने" आदि काम गरेको शंका गरिंदा ।

④ परीक्षाको दौडान मोबाइलफोन वा स्मार्टफोन, घडी आदिबाटको अलार्म, भाइब्रेटर आदिको आवाज बज्दा ।

⑤ प्रश्न वा जवाफ प्रश्न पत्र वा मार्क सिट बाहेकको अरु कुनै ठाउँमा लेखिराख्दा ।

⑥ अरु व्यक्तिलाई डिस्टर्ब हुन सक्ने काम गरेर स्टाफले सावधान गरेअनुसार नगर्दा ।

⑦ स्टाफले निर्देशन दिनुअघि अनुमतिविना उभिएर स्टाफले सावधान गराए पनि त्यही अनुसार नगर्दा ।

⑧ स्टाफले "मार्क सिटमा लेख्न बन्द गर्नुहोस्" भनेपछि पनि जवाफ लेख्दा ।

⑨ परीक्षा सकेर स्टाफले मार्क सिट जम्मा गर्दै गरे तापनि नदिंदा ।

⑩ परीक्षाको दौडान गम वा क्यान्डी आदि खाएको, केही पिएको पत्ता लगाइन्दा ।

⑪ त्यस बाहेक, स्टाफले सावधान गराए पनि त्यही अनुसार नगर्दा ।

■ निम्न कुराहरु गर्ने हो भने रातो कार्ड देखाइन्छ । अनि फेल होइन्छ ・कोठा बाहिर जानुपर्ने हुन्छ र अङ्क पाउन सकिंदैन ।

【**रातो कार्ड=फेल होइन्छ ・कोठा बाहिर जानुपर्ने हुन्छ**】(**रातो कार्ड एउटा पाएमा फेल होइन्छ ・कोठा बाहिर जानुपर्ने हुन्छ**)

① परीक्षार्थी परीक्षा टिकट बाहेकको व्यक्ति हुँदा ।

② परीक्षाको दौडान अरु व्यक्तिको मार्क सिटमा जवाफ लेख्ने , लेख्न लगाउने ,प्रश्न पत्र वा मार्क सिट साटफेर गर्दा ।

③ परीक्षाको दौडान चिट चोर्ने कागज वा सहयोगी पुस्तक हेर्ने , क्यालकुलेटर वा स्मार्टफोन प्रयोग गर्ने लगायतको चिट चोर्ने काम गर्दा ।

④ प्रश्न पत्र वा मार्क सिट परीक्षण कोठाबाट बाहिर लैजाँदा ।

⑤ स्टाफले "निस्के पनि हुन्छ" भनेर भन्नुअघि कोठाबाट निस्कँदा ।

⑥ प्रश्न वा जवाफ कुनै ठाउँमा लेखिराखेर परीक्षण कोठाबाट बाहिर लैजाँदा ।

■ नक्कलि निवेदन सहित, जालसाजी विधि द्वारा परीक्षा दिनु वा परीक्षा दिनखोज्ने व्यक्तिलाई त्यो परीक्षा मा भाग लिन लाई निषेध गरिएको छ ।
साथै, उत्रिर्ण भएपनि रद्द गर्ने, 5 बर्ष अवधि सम्मको लागि परीक्षा दिन नपाउने पनि हुन सक्दछ ।

■ हाम्रो संगठन, धोखा बाजीको कारण परीक्षार्थीले भोग्न पर्ने बेफाइदा र असुविधाहरूको लागि, कुनै पनि जिम्मेवारी वा दायित्व ग्रहण गर्दैन ।

(8) अन्य सावधानीहरू

① परीक्षण स्थलमा फोटो या भिडियो आदिको सुटिङ रेकर्डिंग निषेध गरिएको छ ।
② धुम्रपानको लागि तोकिएको ठाउँ मात्र प्रयोग होला ।
③ परीक्षा स्थानमा प्रवेश गर्न अनुमति नभएको ठाउँमा कहिले पनि नजाउनुहोला ।
④ परीक्षा स्थानका उपकरण आदिमा नछुनुहोला ।
⑤ परीक्षा स्थलमा आगन्तुक वा बच्चाहरूको लागि कुनै प्रतीक्षालय छैन ।
⑥ परीक्षा स्थलमा परीक्षा दिने बाहेक लाई प्रवेश निषेध छ । (तपाईंको साथमा आएको व्यक्ति भित्र पस्न सकिंदैन ।)
⑦ परीक्षाको दिनमा परीक्षार्थीलाई फोन कल दिन • सन्देश पठाउन सम्भव छैन ।

## 10. उत्तीर्ण परीक्षार्थीको घोषणा, उत्तीर्ण प्रमाणपत्र

(1) उत्तीर्ण परीक्षार्थीको घोषणा

योजना गरिएका सबै परीक्षाहरू समाप्त भएको तीन हप्ता भित्र हाम्रो वेबसाइटमा उत्तीर्ण परीक्षार्थीको परीक्षा अंक घोषणा गर्नेछौं ।
पास फेल परिणाम सबै परीक्षार्थीको मेरो पेजमा अपलोड गरिनेछ ।
साथै, दर्ता गरिएको ईमेल ठेगानामा पनि ईमेल द्वारा सूचित गर्नेछौं।
परीक्षाको बारेमा कुनै पनि प्रश्नको उत्तर दिन हामि सक्षम छैनौं ।

(2) उत्तीर्ण प्रमाणपत्र को डाउनलोड

2020 को परीक्षा पछि, उत्तीर्ण प्रमाणपत्र लाई परिणाम घोषणा पछि उत्तीर्ण परीक्षार्थीको मेरो पेजमा अपलोड गरिनेछ ।
मेरो पेज को "परीक्षा हिस्ट्री" बाट डाउनलोड गर्नुहोस् ।
आफूलाई चाहिएको खण्डमा यसलाई प्रिन्ट गर्नुहोस् ।
हाम्रो संगठनले यसलाई डाउनलोड गरि प्रिन्ट गर्ने छैन ।

(3) उत्तीर्ण प्रमाणपत्र को वैधता अबधि

उत्तीर्ण प्रमाणपत्र को वैधता अबधि जारी भएको मिति देखि 10 बर्षको लागि मान्य हुने छ ।

(सावधानी)

① उत्तीर्ण प्रमाणपत्र ,जापानमा निवासको स्थिति परिबर्तन गर्न वा निवास स्थिति को प्रमाणपत्र को लागि आबेदन
दिनका लागि आवश्यक पर्दछ ।

② 2019 अप्रिल 1 तारिखदेखि 2020 मार्च 31 तारिखसम्म परीक्षा दिएकाहरूको उतिर्ण प्रमाणपत्र ,उतिर्ण भएको व्यक्तिले दर्ता गरेको जापानको घरेलुको ठेगानामा पोस्ट अफिसद्वारा पठाउने गरिएको छ ।

यधपि दर्ता गरिएको ठेगानामा गल्ती भएमा,बसाई सरेको आदिले गर्दा उतिर्ण प्रमाणपत्र नआइपुग्दा OTAFFमा फिर्ता हुन सक्छ । त्यसैले त्यस्तो बेलामा OTAFFमा सम्पर्क गर्नुहोस् ।

③ 2019 अप्रिल 1 तारिखदेखि 2020 मार्च 31 तारिखसम्म परीक्षा दिएकाहरूले उतिर्ण प्रमाणपत्र हराएको खण्डमा 1 पटक मात्र पुन:जारी गर्न सकिन्छ ।

यधपि उतिर्ण प्रमाणपत्रको म्याद समाप्त हुने मितिसम्म मात्र पुन:जारी गर्न सकिन्छ ।

④उत्तीर्ण प्रमाणपत्र को पुन: ढुवानी वा प्रमाणपत्र पुनः जारी गर्न ईमेल वा टेलिफोन द्वारा सम्पर्क गर्नुहोस् ।

⑤पुनः जारी गर्नु आवश्यक छ भने, कृपया उत्तीर्ण व्यक्तिले मात्र सम्पर्क गर्नुहोस् ।

⑥पुनः ढुवानीमा तीन हप्ता देखि एक महिना र पुनः जारीमा एक महिना लाग्छ ।

⑦पुन: ढुवानी वा पुनः जारी को लागि लाग्ने मुल्य आवेदकले वहन गर्नेछ ।

⑧उत्तीर्ण प्रमाणपत्र को पुन: ढुवानी र पुनः जारी गर्न जापानमा मात्र सीमित छ ।

संपर्क
ईमेल tokutei@otaff.or.jp
फोन नम्बर 03-6261-4949 (बिजनेस दिनहरूमा मात्र 9:00~12:00 अथवा 13:00~17:00)
होम पेज https://otaff.or.jp/

(4) उत्तीर्ण रद्द

परीक्षाको सन्दर्भमा,तलका निम्न ①~③को धोखा बाजीहरु उत्तीर्ण प्रमाणपत्र जारी पछि पनी प्रमाणित भएमा धोखा बाजीहरु गर्ने व्यक्तिहरूको उत्तीर्ण प्रमाणपत्र रद्द गरिने छ ।

① परीक्षा को प्रश्नहरुसँग सम्बन्धि गोप्य मामिलाहरूको बारेमा परीक्षण कर्मचारी संग जानकारी लिन खोज्नु या लिएको पाइएमा ।

② माई पेजको पंजीकरण सामग्रीमा जानाजानी छल गरिएको पाइएमा ।

③ अन्य परीक्षा को सम्बन्धमा कुनै जालसाजी गरिएको पाइएमा ।

साथै,कृषि, वन तथा मत्स्य मन्त्रालय मार्फत इमिग्रेशन ब्यूरो लाई सूचित गर्नेछौं ।
साथै, सम्बन्धित व्यक्तिलाई, उत्तीर्ण प्रमाणपत्र रद्ध गरेको जानकारी सुचित गर्नु को साथै, मेरो पेज मा अपलोड गरिएको डाटा पनि मेटिने छ ।

(2019 को परीक्षा को उत्रिर्ण प्रमाणपत्र लाई फिर्ता गर्नको लागि अनुरोध गर्दछौं । )

साथै, सम्बन्धित व्यक्तिहरूले ५ बर्ष को अवधि सम्म परीक्षा दिन सक्ने छैन ।

## 11. व्यक्तिगत जानकारीको ह्यान्डलिंग

परीक्षण सञ्चालनको लागि प्राप्त व्यक्तिगत जानकारीहरु,व्यक्तिगत सूचनाको संरक्षण ऐन (२००३ साल को ऐन नं 57)अनुसार उपयुक्त रूपमा सम्हालिनेछ ।
माई पेज मा दर्ता गरिएका व्यक्तिगत जानकारीहरु हाम्रो संगठन द्वारा आयोजना गरिने परीक्षा को लागि मात्र प्रयोग गरिनेछ र तेस्रो पक्षलाई खुलासा गरिने छैन ।
यद्यपि, कानूनमा आधारित भएर, सरकार द्वारा व्यक्तिगत जानकारीहरु पेश गर्न को लागि आदेश प्राप्त भएमा सरकारलाई, जानकारी प्रदान गर्न सक्दछौं ।
मेरो पेज मा दर्ता गरिएका जानकारीहरु मध्ये, उदाहरण को लागी, बस्ने प्रिफेक्चर को नाम वा प्रश्नावली सर्वेक्षण को बारेमा,
व्यक्तिगत जानकारीहरु थाहा नहुने गरि सर्वेक्षण को कुल परिणामहरु सार्बजनिक गर्न पनि सकिन्छ ।